
शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक




वर्ष ७ | अङ्क : २५६ | २०७८ फागुन ४ गते बुधबार | 16 Feb. 2022, Wednesday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५/-

# नक्सा फाँट अस्तव्यस्त, कर्मचारी भेटिदैनन्
# सेवाग्राहीलाई सास्ती, २ सय फाइल निगरानीमा

**गौतमबुद्ध सन्देश**

भैरहवा, ३ फागुन।




रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाको नक्सा फाँट अस्तव्यस्त छ । शान्तिका अग्रदुत बुद्ध जन्मस्थल लुम्बिनीको प्रवेशद्वारको रुपमा रहेको सिद्धार्थनगरलाई व्यवस्थित गर्न भवन आचारसंहिता लागू भएको छ। घर घडेरीहरु व्यवस्थित र मापदण्डअनुसार भवन निर्माण गर्न नगरपालिकाबाट नक्सा पास गर्नुपर्छ । भवन निर्माण निर्देशिका अन्तर्गत रहेर नक्सा पास गर्नुपर्नेमा त्यस्तो हुन सकेको छैन। निकै भद्रगोल बनेको छ यो फाँट।

**कर्मचारी भेटिदैनन्**

नक्सा फाँटको सबैभन्दा ठूलो समस्या भनेको कर्मचारी कार्यालयमा नभेटिनु हो । नक्सा पासको अख्तियारी पाएका प्राविधिक फाँटका कर्मचारी कार्यालय समयमा निकै कम मात्र भेटिने गरेका छन् । कहाँ जान्छन्, के गर्छन् केही पत्तो हुँदैन। सेवाग्राही कार्यालयमा पुग्ने र निराश भएर फर्किने यहाँको नियति हो । महिनौं धाउँदा पनि नक्सा पास गर्न नसक्दा हैरानी भोग्नुपर्छ। अर्कोतिर नक्सा पास गर्न पेश गरिएका फाइलहरु नभेटिने, हराउने समस्या उस्तै छ । नक्सा दर्ता गरेर प्रक्रियामा छाडेका सेवाग्राही पासका लागि जाँदा कर्मचारीले फाइल भेटिएन भन्दै फर्काउने गरेका छन्। अनाधिकृत रुपमा रकम लिएर मापदण्डविपरीत बनाइएका संरचनाको पनि नक्सा पास दिने गरेको बुझिएको छ । नक्सा फाँटका कर्मचारीहरुमा आफुले नक्सा बनाउने र आफैले बनाएका नक्सामा बनेका भवनको मापदण्ड मिच्दा पनि पास गरिदिने गरेको पाइएको छ।

नक्सा फाँटका सबै प्राविधिकका आ-आफ्ना कन्सल्टेन्सी कार्यालय छन् । कार्यालय समयमै कन्सल्टेन्सीमा जाने र आफूले बनाएका नक्साहरु मापदण्ड नपुगेपनि धेरै पैसा मागेर पास हुने गरेको छ।

नक्सा फाँट प्रमुख मधु गौतम कार्यालयमा नभेटिदा समस्या परेको सेवाग्राही बताउँछन् । 'दशौं पटक आएँ, तर उहाँबाट काम भएन, कि भेट हुन्न भेट हुँदा हुन्छ भन्नुहुन्छ, काम हुँदैन । नगरपालिका परिसरमा भेटिएका सिद्धार्थनगर नगरपालिका वडा नम्बर १३ का एक सेवाग्राहीले नाम नछापिदिन आग्रह गर्दै भने, 'घर बनाउन भन्दा नक्सा पास गर्न दुःख पाइयो।

नगरपालिकाका नक्सा फाँट प्रमुख इञ्जिनियर मधु गौतमले प्रक्रिया पुगेका नक्सा पास गर्न आफूहरुले ढिलाइ नगरेको बताए। उनले अब भने नक्सापास अनलाइन सिस्टम गर्न लागिएको बताए। उनले भने, 'अनलाइन सिस्टम भएपछि फाइल हराउने समस्या हट्छ । एकदमै सानो ठाउँ भयो, एकै ठाउँ मिलाएर राख्न सकिएको छैन्, जति हुनुपर्ने हो, हुन सकेको छैन् । नक्सा पास नियमअनुसार नै भएको उनले दावी गरे । नक्सा पास सिस्टम अनुसार नै हुन्छ, 'उनले भने। नक्सा फाँटकै प्राविधिक राजन कर्णले नक्सा पासमा सम्पूर्ण प्रक्रिया पुगेको दावी गरे।

नगरपालिकाका वरिष्ठ अधिकृत विवेक कुमार खनालले फाइल हराउने समस्याको एउटा कारण नगरपालिकाबाट वडामा सर्जमीनको लागि जाँदा खेरी पनि कहिलेकांही हराउने गरेको बताए । उनले भने, 'वडा कार्यालय कामको चापका कारण कर्मचारी व्यस्त हुँदा फाइल सेवाग्राहीले घर पनि राख्नुपर्ने हुन्छ, त्यसो गर्दा पनि हराउन सक्छ तर त्यो भन्दैमा छुटकारा पाइँदैन ।' नक्सा फाँटमा कुनै गुनासो सुन्न नपरोस् भन्ने प्रशासकीय अधिकृतले स्पष्ट निर्देशन दिइसक्नुभएको उनले बताए । 'सुधारको प्रयास भइरहेको छ, जनताले दुःख नपाउने गरी काम अघि बढाउने कार्यमा लागिपरेका छौं, यद्यपि पूर्ण रुपमा हुन सकेको छैन 'खनालले भने।

सिद्धार्थनगर नगरपालिकाका न्यायिक समिति सदस्य समेत रहेका सिद्धार्थनगर-८ का वडा सदस्य उमेश थापा मगरले नक्सा फाँटमा सेवा लिने क्रममा सेवाग्राहीले सास्ती खेप्नुपरेकोबारे आफूले नगरसभामा पनि कुरा उठाएको बताउँछन्।

नगरपालिका योजना महाशाखा प्रमुख जीवन अर्याल १ हजार स्क्वायर फिटभन्दा बढी क्षेत्रफलका संचरनाको नक्सापासको अख्तियारी आफ्नो भएको र प्रकृया पुऱ्याएरै पास हुने गरेको दावी गरे । उनले नक्सा फाँटलाई ब्यवस्थित गराउन लागिएको दावी गरे।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत तुल्सीराम मरासिनीले प्रकृया नपुऱ्याइएका करिब २ सय नक्सा छानबीन गरिसकेका छन्। उनले कैफियत सुधार गर्न र प्रक्रिया पुरा गर्न निर्देशन दिइसकेका छन्। मरासिनीले छानबीन गरिरहेका नक्साहरुमा १५ दिने सूचना प्रकाशनदेखि सर्जमिन नभएका र प्रकृया नपुगेका नक्सा छन् । यस सम्बन्धमा सोधिएको जिज्ञासामा मरासिनीले भने, 'तपाईंहरुलाईझैं मलाई पनि सेवाग्राहीले गुनासो गरेपछि कसरी काम हुँदो रहेछ भनेर नक्साको फाइल हेरेको हुँ । केहीकमी कमजोरी छन् भने सुधार्ने भनेको छु । मरासिनीले नक्सा फाँटलाई अनलाईन गराउन लागेको जानकारी दिदै यसले धेरै समस्या समाधान गर्ने विश्वास व्यक्त गरे।

## लुम्बिनी प्रदेश सरकारको चार वर्ष :
# काम भन्दा बद्नाम र आर्थिक बोझ मात्रै बढी

**इन्द्रराज चौधरी**

बुटवल, ३ फागुन।

लुम्बिनी प्रदेश सरकार स्थापना भएको चार वर्ष पूरा भएको छ। मुलुक संघीयतामा गएसंगै नेपालमा पहिलोपटक २०७४ साल फागुन ३ गतेदेखि प्रदेश सरकारहरु कार्यान्वयनमा आएका थिए । चार वर्षको प्रदेश सरकारको यात्रा हेर्दा काम भन्दा बद्नाम र मुलुकलाई आर्थिक बोझ मात्रै बढी भएको जनस्तरमा टिप्पणी हुने गरेको छ।

प्रदेश सरकारहरूले सर्वसाधारण जनताको तहसम्मै प्रत्यक्ष अनुभूति हुने गरी काम गर्न नसकेको आम बुझाई छ। पहिलो वर्षमै मन्त्रालयलाई गाडी खरिदमा भ्रष्टाचारमा मुछिएर बद्नाम भएको लुम्बिनी प्रदेश सरकार त्यसयता करोडौं रुपैयाँ कृषि अनुदान वितरणमा बेथिति दोहोऱ्याएर आलोचित बनेको थियो। स्थानीय र प्रदेश सभाका जनप्रतिनिधिहरुको सेवा सुविधा वृद्धि गर्ने कानून बनाएर समेत लुम्बिनी सरकार आलोचनाको शिकार बन्यो । सरकार टिकाउन शंकर पोखरेल नेतृत्वको सरकारका पालामा माओवादी केन्द्र रोजेकी विमला खत्री वलीलाई मुख्यमन्त्रीको निजी सचिवालय सदस्य र एमाले संसदीय दलका प्रमुख सचेतककै संलग्नतामा अपहरणको शैलीमा मुख्यमन्त्रीको निवासमा बन्धक बनाएर राख्ने कामले पनि प्रदेश सरकार बद्नाम भयो । सांसदलाई आफ्नो पक्षमा तानेर वहुमत पुऱ्याउन पार्टी ह्वीप उल्लंघन गरेर एकाएक मन्त्रीमा नियुक्त गर्ने र लाखौं रुपैयाँमा खरिद विक्रिको नांगो अभ्यास पनि लुम्बिनी प्रदेशमा भयो।




अहिलेका मुख्यमन्त्री कुलप्रसाद केसी नेतृत्वको सरकार पनि सुरुबाटै राम्रा काम भन्दा नराम्रा कामले आलोचनाको शिकार बन्दै आएको छ। शंकर पोखरेलकै पालामा सरकार टिकाउन ७ वटा मन्त्रालय फुटाएर ९ वटा बनाएकोमा अहिले गठबन्धन सरकारले बढाएर १३ वटा मन्त्रालय र ४ जना राज्यमन्त्री समेत १७ जनाको जम्बो मन्त्रिपरिषद् बनाएको छ। स्वयं मुख्यमन्त्री केसीले १९ सदस्यीय जम्बो सचिवालय बनाएर खराब रेकर्ड कायम गरेका छन् । अघिल्ला मुख्यमन्त्री पोखरेलले आफ्नो सचिवालय १० जना भन्दा सानो बनाएका थिए । केसीको सचिवालयमा कर्मचारी नियुक्त गर्न १३ पद सिर्जना गरिएको छ । मुख्यमन्त्रीको सचिवालयले मात्रै राज्यलाई वर्षेनी करोड बढीको आर्थिक भार थोपरेको छ।

२०७४ सालमा गठित अधिकार सम्पन्न संघीय प्रशासनिक पुनःसंरचना समितिले प्रत्येक प्रदेशमा ७ वटा मन्त्रालय राख्ने सुझाव सरकारलाई दिएको थियो । सोही अनुसार लुम्बिनीमा साढे ३ वर्षसम्म ७ वटै मन्त्रालय रहेकामा शंकर पोखरेल नेतृत्वको सरकार अल्पमतमा पर्ने अवस्था आएपछि सरकार टिकाउन मन्त्रालय फुटालेर ९ वटा बनाइयो । पोखरेल नेतृत्वको सरकार विस्थापित गरी बनेको पांच दलीय गठबन्धन सरकारले त मन्त्रालय संख्या १३ पुऱ्याएको छ । प्रदेश सरकार दलका नेताहरुलाई तलबभत्ता खाने र मुलुकलाई आर्थिक बोझ थापर्ने औचित्यहीन थलो बनेको भन्दै आलोचना हुन थालेको छ । मन्त्रालयको संख्या जम्बो हुँदा देशलाई वर्षेनी अरबौं रुपैयाँ आर्थिक भार पर्ने तर्क गर्दै सर्वसाधारण र बुद्धिजिवीहरुले संविधान र कानून संशोधन गरेर मन्त्रालयको संख्या ५-७ वटा भन्दा बढी बनाउनै नहुने मत बलियोगरी उठाउन थालेका छन् । एउटा मन्त्रालय थप्दा मन्त्रीको तलब सुविधा, घर भाडा, यातायात खर्च, निजी सचिवालय, स्वदेश तथा विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता, इन्धन सुविधा, सञ्चार, अतिथि सत्कार आदि गर्दा वार्षिक ५० देखि ६० लाखसम्म

बाँकी पृष्ठ ४ मा...

## सम्पादकीय


# नवप्रवेशी र चुनावी टिकट

अहिले सरकारमा नेपाली काँग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादीर राष्ट्रिय जनमोर्चाको गठबन्धन सहभागी छ। सरकारको नेतृत्व काँग्रेस सभापति शेरबहादुर देउवाले गरेका छन्। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई अदालतको आदेशमा सत्ताच्युत गर्दै देउवा प्रधानमन्त्री बनेपछि एमाले सबैभन्दा ठूलो दल भएर पनि प्रतिपक्षमा छ। प्रतिपक्षमा रहेको दल एमालेप्रति जनताको आकर्षण अन्य दलभन्दा अझै पनि बढी छ। एमालेबाट विभाजन भएर नयाँ गठन भएको नेकपा एकीकृत समाजवादीले समेत ठूलो क्षति पुऱ्याउन सकेको छैन। अपार जनसमर्थन र बलीयो भएकैले एमालेविरुद्ध पाँच दल एकताबद्ध भएर गठबन्धन बनाएका छन्। हालै सम्पन्न भएको राष्ट्रियसभा चुनावमा एमालेविरुद्ध पाँच दलको मोर्चाबन्दी थियो। आसन्न स्थानीय, प्रदेश र संघीय निर्वाचनमा पनि मिलेरै जाने प्रतिबद्धता पाँच दलले गरेका छन्। यसले पनि देखाएको छ कि विभाजनपछि पनि एमाले निकै शक्तिशाली छ, जनताको आसा र भरोसा एमालेमै छ। प्रतिपक्षमा भएको पार्टी भए पनि अहिले अन्य पार्टी पत्याग गरी एमाले रोज्नेहरुको लहर नै छ। देशैभरी दिनहुँ एमालेमा प्रवेश गर्नेहरुलाई स्वागत गर्न कार्यक्रम भइरहेका छन्। रुपन्देहीमा हालै रोहिणी र ओमसतिया गाउँपालिकाका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्षसहित अन्य पार्टीको ठूलो जमात एमालेमा प्रवेश गरेको छ।

हुन त एमालेमा मात्र होइन निर्वाचनको पूर्वसन्ध्यामा अन्य पार्टीहरुमा पनि प्रवेश गर्ने लहर देखिन्छ। कोटहीमाई गाउँपालिकाका अध्यक्ष बब्लु शुक्ला हालै माओवादी केन्द्रमा प्रवेश गरे। उनी पार्टी अध्यक्ष पुष्पकमल दाहालकै घरमा गएर पार्टी प्रवेश गरेका थिए। कृष्णनगर नगरपालिकाका मेयर पनि हालै काँग्रेसमा प्रवेश गरेका छन्। उनलाई काँग्रेस अध्यक्ष अमर पुनले पार्टी प्रवेश गराएका थिए। यहाँ दल बदल गर्ने प्रवृत्ति नौलो होइन। कतिपयले निर्वाचनमा टिकट पाउनकै लागि र व्यक्तिगत फाइदाको लागि पार्टी प्रवेश गर्ने गरेको पाइन्छ। नवप्रवेशीले टिकट पाउने र वर्षौंदेखि त्याग, तपस्या र बलिदान दिएका कार्यकर्ताहरु ओझेलमा पर्ने संस्कृति २०४८ सालदेखि नै हामीले व्होर्दै आएका छौं। राजनीति पछिल्लो दिनमा स्वार्थकेन्द्रीत, व्यक्तिकेन्द्रीत र शक्तिकेन्द्रीत बन्दै गएको पाइन्छ। एउटा चुनावमा एउटा पार्टीमा र अर्को चुनावमा अर्को पार्टीमा जाने प्रवृत्ति व्यापकै देखिन्छ। पार्टीप्रति आकर्षण भएका कारणले प्रवेश गर्नु स्वभाविक भए पनि टिकटकै लागि प्रवेश गर्ने प्रवृत्तिको भने अन्त्य हुनुपर्छ। सिद्धान्त र कार्यशैली नबुझ्दै प्रवेश गर्ने वित्तिकै टिकट दिनु भन्दा केही वर्ष पार्टीमा प्रशिक्षित गरेपछि मात्र जिम्मेवारी दिने परिपाटी दलहरुले सुरुवात गर्दा उपयुक्त हुन्छ।

# चुनावमा 'नो भोट' अप्सनको आवश्यकता

"अब आउँदा तीनवटै निर्वाचनमा युवा, कार्यक्रममुखी र ऊर्जा भएका तथा चुनाव जितेर गएपछि पाँच वर्षमा यो-यो काम गर्छु भनेर वचतबद्धता गर्ने पार्टी, एकल वा गठबन्धनका उम्मेदवारलाई भोट हाल्नुपर्छ, नत्र जनताले एकपटक एउटा फ्याल्टो कागजमा पाँच-दश मिनेट घोरिएर हालेको मतले उनीहरुकै पाँच वर्ष भुल्टिन्छ।"



पेशल आचार्य

सोचले नै हो देशलाई धनी र सौविध्यपूर्ण बनाउने। संसारमा सबैथोक फेर्न मिल्ने छिमेकी र नेताहरूचाहिँ फेर्न नमिल्ने। कि त छिमेकी नराम्रो छ भनेर आफैं बसाइँ सरेर देशैभित्रै वा विदेशिनुपर्यो, कि जस्तो छ त्यस्तै बेहोर्नुपर्यो। पावर, मनी र ट्र्यालेन्सी भएका तथा ऊर्जावान् युवाहरूलाई त विदेशले पत्याउँछन् तर पचास नाघेका, चल्नीको केश फुलेका र पावरवाला चश्मा लगाउन थालेकाहरूलाई विदेशी भिसा मिल्ने भनेको 'तेल भिसा' मात्र हो। नत्र कुनै प्रकारका भिसा मरे दिन्नन् विदेशीले।

यहाँ देशीय छिमेकीको कुरा गर्न लाग्या हो। नेपाललाई उहिले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले दुई ढुङ्गाबीचको तरुल भनेर नामकरण गरेका थिए। रहँदाबस्दा अब हामी दुई तरुलबीचको ढुङ्गा बन्न सक्नुपर्छ भन्ने सोचको विकास भैसक्यो अब। नत्र हाम्रो अस्तित्व सङ्कटमा पर्ने निश्चित छ।दुःखको कुरो, भन्सार महसुललगायतका कर तिर्न नसकेको भनेर चीनबाट ल्याइएका १८ वटा सार्वजनिक बिजुली बस भारतलाई बेच्ने तयारी गरिएको छ। सुन्दर यातायात प्रा.लि.ले ल्याएका बस भन्सार तिर्न नसकिएको भन्दै भारतमा बेच्न लागिएको हो। सरकारले कर छुट भने पनि भन्सारमा यातायात दस्तुरलगायतका विभिन्न शीर्षकमा कर थप भएपछि तिर्न नसकेर १८ वटा बस भारतको कर्सिस ग्रुपलाई बेच्ने सहमति भइसकेको सुन्दर यातायातका अध्यक्ष भेषबहादुर थापाले बताए। उनले अगाडि भने- 'एउटा बसको एक करोड ५० लाख रूपियाँ मोल तिर्दा पनि ४० लाख रूपियाँ थप कर तिर्नुपर्ने भयो। यो हामीले तिर्न सक्ने कुरै भएन।' यस्तो छ देशको भनाइ र गराइ शैली।

अबका चुनाव चाहे ती स्थानीय हुन् या प्रदेश र संघका, सबैमा 'नो भोट सिस्टम' लागू गराउनका लागि सरकार, निर्वाचन आयोग र सर्वोच्च अदालत सबैतिर नागरिकले दबाब बढाउनुपर्ने भएको छ। वकिलहरू जुर्मराउन थालेका छन्। एकजना मेयरले त स्थानीय तहका जनप्रतिनिधिहरूको कार्यकाल सकिनु एक दिनअगावै चुनाव घोषणा भएको भनेर सर्वोच्च अदालतमा रिट नै दायर गरे तर अदालतले सो दरपिट गरेर फर्काइदियो। पार्टीहरूचाहिँ सरकारलाई २०७९ जेठ ५ गतेअगावै चुनाव घोषणाका लागि दबाब दिने अनि जनप्रतिनिधिचाहिँ एक दिनसमेत हिसाब गरेर मुद्दा हाल्ने यो अमिल्दो कुरा देखियो। कतिपय कमाउ जनप्रतिनिधिहरूलाई चुनावको म्याद सादो खुँदो पल्टिँदो हो।

चुनाव घोषणा भएपछि यस्ता गफहरू चिया पसल, पान पसल र भट्टी पसलमा जोरजुलुमका साथ चल्न थालेका छन्। नागरिकहरू अब चेतनशील भैसके। उनीहरूलाई आफ्नो मताधिकारको महत्व राम्रो थाहा छ। अब हरेकलाई यो हेक्का छ, उम्मेदवारहरू पार्टीले उठाउने हुन्। तिनीहरूले एकल, गठबन्धन या पार्टीगत रूपमै भए पनि चुनावको आरनमा नपोलिई, नचुटिई र नखारिई जितको उत्सव मनाउन पाउँदैनन्। जसरी सुनको मौलिक सुन्दरता देखाउन सुनारेले अनेकौंपटक आगोमा पोल्दै-पिट्दै गर्छ र अन्ततोगत्वा उसको सुन्दरतामा निखार ल्याउँछ। हो, त्यसै गरी जनप्रतिनिधिहरूका लागि चुनाव पाँच वर्षमा एक दिन आउने महोत्सवजस्तै हुन्। जहाँ मतदातालाई भगवान् मानेर उम्मेदवारहरू स्वतः स्फूर्त घरदैलो, करेसा, खेत, खलियान, बारी, झाडी र दलानसम्म पुग्ने गर्छन्।

प्रविधि प्रयोग गरेर अब विदेशिएका युवा पुस्तालाई समेत भोटिङ सिस्टममा समेट्न कम्प्युटर प्रविधिको उपयोग गर्दै विदेशबाटै भोट खसाल्न पाउने नियम बनाउनुपर्छ। संविधान अनुसार मतदाताको भोट नदिन पाउने अधिकार संरक्षण गर्दै मतपत्रमा नाम उल्लिखित भएका कुनै पनि उम्मेदवारहरूलाई 'म भोट हाल्न सक्दिन' भनेर अब हुने तीनवटै चुनावका मतपत्रहरूमा सम्मानसाथ 'राइट टु रिजेक्ट' समेत कोष्ठको व्यवस्था गर्नुपर्छ। अनि मात्र मतदाताको भावनाको उचित सम्मान हुन्छ। यसका साथै छुट्टै अर्को 'नोट भोट सिस्टम' को बाकससमेत राखिनुपर्छ, जसमा मतदाताले आफूले चुनावमा कुनै पनि उम्मेदवारलाई भोट दिन्न भन्न पाएर त्यसमा एउटा चिर्कटो खसाल्न पाउनुपर्छ।अहिले राष्ट्रिय पार्टीहरूको महाधिवेशन सम्पन्न भएर प्रायः सबैजसोमा युवा तथा नयाँ जोश भएका पदाधिकारीहरू निर्वाचित भई आए। हो, त्यसै गरी

यो कुराको हेक्का हरेक मतदातामा हुनु आवश्यक छ। रमाइलो कुरा के भने, हाल बहालवाला भारत उत्तर प्रदेशका महन्त मुख्यमन्त्री योगी आदित्यनाथको सम्पत्ति विवरण हेर्दा जो कोही नागरिक चकित हुन्छन्। उनका सम्पत्तिका नाममा क्रमशः (१) कानमा सुनको कुण्डल २० ग्राम खरिद मूल्य रू.४९,०००।-, (२) घाँटीमा सुनको धागोमा रुद्राक्षको माला १० ग्राम रू. १०,०००।- (३) सामसुङ मोबाइल एक थान मूल्य रू. १२,०००।- गरी कुल सम्पत्ति भारू ७१,००० रहेछ। यिनका एक भाइ चिया बेच्छन्, अर्की बहिनी मन्दिरमा फूल-प्रसाद बेच्छिन्। आमा घर सम्हाल्छिन् भने पिताको देहान्त भइसकेको छ। जबकि उनी मुख्यमन्त्री बन्दाताका राजनीतिमा पण्डाहरूको प्रवेश भनेर उनको व्यापक विरोध गरियो। उत्तर प्रदेशका सबैजसो सार्वजनिक क्षेत्रमा उनको आगमनपछि डास्टिक चेन्ज भयो। उनले 'सार्वजनिक बुचड खानालाई व्यवस्थित गर्ने' र हिन्दूवादी मुख्यमन्त्री भएकाले 'गौ संरक्षणका विविध योजनाहरू' ल्याएका थिए। दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालको कार्यकाल अहिले दिल्लीमा पानी, बिजुली, सार्वजनिक यातायात, सामुदायिक स्कुल, रासन कार्ड, होटल, छात्रवृत्तिलगायतका कामहरू 'हार्ड एन्ड फास्ट' रूलमा हुने गर्छन्। गतवर्ष कोरोनाको दोस्रो भेरिएन्ट मध्य हुँदा आम पब्लिकले हट लाइनमा डाइरेक्ट मुख्यमन्त्रीलाई फोन कन्ट्र्याक्ट गरेर सवालजवाफ गर्न सक्ने सुविधा उपलब्ध थियो। यति मात्र नभएर हाम्रो देशमा विविध आयोजना, उद्योग, सडक र काममा जोतिएका मजदुरहरू हजारौंहजार किलोमिटर हिँडेर आफ्नो घर जान बाध्य भएको परिस्थितिमा उता दिल्लीले एकै दिन पचासौं हजार सरकारी र सार्वजनिक यातायातका साधनबाट मजदुरहरूलाई चाँडो घरफिर्ती सुविधा उपलब्ध गरायो। हो, अबको जमानामा हरेक मतदाताले आफूले चुनेर पठाएका जनप्रतिनिधिहरू यस्तै 'हार्ड एन्ड फास्ट' हुनुपर्छ भन्ने मान्यता राख्छन्।

साथै जनप्रतिनिधिको परिभाषागत भाष्यसमेत अब बदलिनुपर्छ। उनीहरू जनताका सेवक, त्यसैले चौबीसै घन्टा जनताका बीचमा उनीहरूका सुख-दुःखमा साथ दिनुपर्छ भन्ने मान्यता छ। गएको असोज अन्तिम र कार्तिकको पहिलो हप्तामा मुलुकैभरि दुई दिन बर्खाजस्तै झरी परेर पश्चिम नेपालका अधिकांश जिल्ला र पूर्वतिर अधिकांशमा पाक्न लागेको धान र कतै-कतै काटेर पाँजा सुकाएको धान बाढीले डुबेर किसानहरू मर्माहत भए। सोबारे गुगलले विश्वव्यापी रूपमा मौसम भविष्यवाणी गरेर सचेत गराएको थियो तर हाम्रा जनप्रतिनिधिहरूले त्यो चक्रवातले सिर्जिएको बाढीले भारतका केही राज्यमा मात्रै वितण्डा मच्चाउन आउँछ नेपाल छिर्दैन भनी वास्ता गरेनन्।

सरकारको केन्द्रीय तहबाट देशैभरिका गाउँपालिका-नगरपालिकाले बेलैमा फेसबुक, अनलाइन पत्रपत्रिका र देशैभरि रहेका एफएम रेडियोबाट बाढी जाने सूचनालाई हाई अलर्टका साथ फुक्न लगाएको भए तराईका लाखौं हेक्टरमा लगाएको धानबाली नष्ट हुने थिएन। छिमेकी भुटानले गुगल सूचना प्रविधिको भरपूर उपयोग गरी क्षति कम हुन दिनुका साथै भएको क्षतिको मूल्यांकनसमेत प्रकोप सकिनासाथ चुस्तदुरूस्त प्रविधिमा गर्न सकेका फोटा सामाजिक सञ्जालमा भाइरल भए।भनेपछि राज्यले आँटेर गर्न चाहने हो भने जटिलभन्दा जटिल काम गर्न सकिने रहेछ भन्ने ताजा प्रमाण भुटान बन्यो। अहिले समुद्रतटीय क्षेत्रका प्रायः सबैजसो देशमा मौसमी भविष्यवाणी गरिन्छ र ७२ घन्टा याने तीन दिनअघि नै सम्भाव्य प्रकोप क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सारिन्छ। यो संसारभर प्रचलित सिस्टमजस्तै भैसक्यो। नेपालले अब यस्ता प्रविधिमय सिकोहरू गर्न जान्नुपर्छ।

जनताले उसको चेतना अनुसारका काम गर्न सरकारलाई निरन्तर दबाब दिनुपर्छ। यस मानेमा देशैभरि सञ्जाल बनाएका सरकारी तथा अर्धसरकारी निकायहरु, विभिन्न पेसागत संघ-संगठनका आफ्ना देशैभरि छरिएर रहेका जिल्ला शाखाहरू, पुलिस, प्रशासन र विभिन्न राजनीतिक पार्टीहरूका भ्रातृ संगठनहरूलाई गुगल, कम्प्युटर, अनलाइन र एफएमका सकारात्मक तालसुरमा काम गर्न दिने हो भने अपर्झट हुने प्रकोपीय क्षतिलाई कम गर्न सकिन्छ। साथै न्यूनभन्दा न्यून क्षति मात्र हुन दिन सकिन्छ। यस मानेमा स्थानीय सरकारलाई जनताको घरदैलोमै भेटिने हुँदा अबका चुनावमा जनप्रतिनिधि चुन्दा चुस्त-दुरुस्त, सिपालु, प्रविधि जान्ने, पढन्ता, युवा र गतिशील एवं ऊर्जावान् उम्मेदवारहरू रोज्नुपर्ने भएको छ।

बरू त्यस्तो अवस्थामा हाम्रो मान्छे नराम्रो हुन सक्दा गाउँ-ठाउँको जनप्रतिनिधि राम्रो मान्छे रोज्न सकियो भने हामीले दुःख सुन्ने साथीका रूपमा स्थानीय सरकारलाई आफ्नै दैलामै पाउन सक्छौं। नत्र फेरि उही भ्यु टावर, गिटी-बालुवाका क्रसर उद्योगका सञ्चालकहरू, तिघ्रेमुङ्ग्रे डनहरू, डोजर र जेसिबीका मालिकहरू जनता झुक्याउन आउन सक्छन्। त्यस्तै कतै बीपीका साखै सन्तान बनी प्रजातान्त्रिक समाजवादको खोल ओढेर त कतै मदन भण्डारी र मनमोहनका सगोत्री भएको अभिनय गर्दै जनताको बहुदलीय जनवादको मास्क लगाएर अनि माओ/लेनिनका हुबहु आन्द्रे दाजुभाइ बनेर पनि जनता झुक्याउन आउँछन्। अनि मतदाताको आउँदो पाँच वर्ष विनाबित्थामा भुत्लिन्छ भन्ने कुरा बिर्सन हुँदैन।हात काटेर मत दिइसकेपछि चुक्चुकाउनुको कुनै मतलब हुँदैन। अहिले बेलैमा नसोच्ने हो भने हामी आफ्नो समृद्धि र विकासको जिम्मेवार आफैं हुन पुग्छौं। अबको नेपालको विकास भनेको माटोसँग गाँसिएको अनि उत्पादनसँग जोडिएको हुनुपर्छ, नभए गफको सगरमाथा मात्र उभिन सक्छ, जसले न प्रतिव्यक्ति आयमा टेवा दिन सक्छ, न व्यापारघाटा नै कम गर्न सक्छ। अहिलेको समस्या भनेको जसरी हुन्छ आयात घटाई निर्यात बढाउने हो। बिमा अभियन्ता विपिन भट्टराई भन्छन्- 'नेपालको पानी अरब लाने, अरबको तेल नेपाल ल्याउने दुवै एकैपटक गर्न सकिएको भए मेरो देश कहाँ पुग्थ्यो होला। यति मात्र दिमाग लगाउन हामी किन र कहाँ चुकेछौं?' अब यी प्रश्नको जवाफ नखोजे मुलुकले हामीलाई सराप्नेछ।

■■■

# थाइल्याण्डबाट काठमाडौं अवतरण गरी भैरहवा पुग्नेछ क्यालिब्रेसन फ्लाइट गर्ने जहाज

भैरहवा, ३ फागुन। (गौबुस)

निर्धारित तालिका अनुसार आगामी बिहीबार (५ फागुन) साँझ थाइल्याण्डबाट एक जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नेछ। यो जहाज थाइल्याण्डबाटै सिधै भैरहवास्थित गौतमबुद्ध विमानस्थलमा अवतरण गर्ने तयारी गरिएको थियो। तर, भैरहवा विमानस्थलमा अध्यागमनसम्बन्धी काम सुरु नभएका कारण जहाज काठमाडौं आउन लागेको हो। काठमाडौंबाट सम्भव भए बिहीबार साँझ नै र सम्भव नभए शुक्रबार बिहान जहाज भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नेछ। यो जहाज भैरहवा विमानस्थलमा उपकरण जडानको जिम्मा पाएको एरोनटिकल रेडियो अफ थाइल्याण्ड (एरो थाई)ले ल्याउन लागेको हो। नेपाल नागरिक उड्डयन प्राधिकरणका इञ्जिनियर प्रविन न्यौपानेका अनुसार यसै जहाजबाट शुक्रबार (६ फागुन) देखि भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा 'क्यालिब्रेसन फ्लाइट'को काम सुरु हुनेछ। तालिका अनुसार ६ फागुनदेखि १५ फागुनसम्म क्यालिब्रेसन फ्लाइटबाट उपकरणहरुको परीक्षणको काम हुनेछ। यस क्रममा भैरहवा विमानस्थलमा अहिले भइरहेको नियमित उडान समेत प्रभावित हुने भएको छ। क्यालिब्रेसन उडानपछि भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल एयरलाइन्सको जहाजबाट परीक्षण उडान गर्ने तयारी छ। त्यसपछि भने अन्य व्यवस्थापनको काम पूरा गरी व्यवसायिक उडानका लागि वायुसेवा कम्पनीलाई आह्वान गर्न सकिने छ।

# कपिलवस्तुमा ७५ हजार बढी मतदाता थपिए



**नारद कोहार**

कपिलवस्तु, ३ फागुन।

कपिलवस्तुमा मतदाताको संख्या ३ लाख ८७ हजार ४ सय ७२ पुगेको छ। जिल्लामा गत प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचन २०७४ मा ३ लाख ११ हजार ७ सय ६० मतदाता रहेका थिए। मतदाता नामावली संकलनबाट जिल्लामा ७५ हजार ७ सय १२ जना नयाँ मतदाता थपिएको निर्वाचन कार्यालय कपिलवस्तुका जिल्ला निर्वाचन अधिकारी ज्ञानुराम पन्थीले बताए।

गत मंसिर १७ देखि पुस १९ मा सकिएको मतदाता दर्ता विशेष कार्यक्रममा १० स्थानीय तहबाट १५ हजार ४ सय ९१ ले नाम दर्ता गराएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। जिल्लामा माघ २४ गतेसम्म २ लाख ८ हजार २ सय ८० पुरुष, १ लाख ७९ हजार १ सय ९० महिला र २ जना तेस्रोलिंगी गरी ३ लाख ८७ हजार ४ सय ७२ मतदाता संख्या रहेको कार्यालयले जनाएको हो।

मतदाता नामावली संकलनबाट संकलित मतदाताको संख्या मात्र अहिले निकालिएको र ती मतदातालाई अद्यावधिक गर्न बाँकी रहेको निर्वाचन कार्यालयका प्रमुख पन्थीले बताए। उनले भने, 'थपिएका मतदाता र बाँकी मतदाता नामावलीलाई प्रत्येक पालिकामा पठाइने र सुचना र दावी विरोधपछि अन्तिम नामावली अबको एक महिनाभित्रै सार्वजनिक गरिनेछ।' १६ वर्ष उमेर पुगेपछि नेपाली नागरिकले मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्था छ। मताधिकार प्रयोग गर्न १८ वर्ष पुग्नुपर्ने हुन्छ।

मतदाता संख्या बढेसंगै जिल्लामा मतदान केन्द्र पनि बढ्ने भएको छ। २०७४ को प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा २ सय ३३ वटा मतदान केन्द्र रहेकोमा त्यसपछि २ वटा थप गरिएसंगै २ सय ३५ मतदान केन्द्र पुगेको छ। बाहिरी जिल्लाबाट यस जिल्लामा १ सय ४३ जनाले मतदान गर्न पाउने गरी निवेदन दर्ता गराएको जिल्ला निर्वाचन अधिकारी पन्थीले बताए। सरकारले स्थानीय तह निर्वाचनको मिति घोषणा गरेसँगै निर्वाचन आयोगले मंगलबारदेखि मतदाता नामावली संकलन स्थगित गरेको छ।

# 'भूमि अतिक्रमण सम्बन्धमा सरकार मौन बस्नुहुँदैन'

**गौतमबुद्ध सन्देश**

भैरहवा, ३ फागुन।




चीनले नेपालको भूमि अतिक्रमण गरेकोप्रति नेपाल सरकार मौन किन भन्दै नागरिक समाजका अगुवाहरुले प्रश्न गरेका छन्।

उनीहरुले नेपालका विभिन्न भुभाग अतिक्रमणमा परेकोले यसप्रति सरकार गम्भिर हुनुपर्नेमा जोड दिएका छन्। नागरिक समाज, रुपन्देहीले मंगलबार भैरहवामा आयोजना गरेको चीनद्वारा नेपालको भूमि अतिक्रमण सम्बन्धमा नेपाल सरकार मौन किन ? विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने अगुवाहरुले भूमि अतिक्रमण जुनुसकै मुलुकले गरे पनि त्यो गलत भएको बताए। भारतले सीमा अतिक्रमण गर्दा चर्को आवाज उठाउने तर चीनले भूमि अतिक्रमण गर्दा चुप लागेर बस्ने प्रवृत्ति ठीक नभएको बताए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि पूर्व कृषि राज्यमन्त्री ओमप्रकाश यादव (गुल्जारी)ले राष्ट्रियताको सवालमा सबै एकजुट हुनुपर्ने बताए। उनले भने, 'भारतले सीमा अतिक्रमण गर्दा बोल्छौ, त्यो ठीक छ तर चीनले अतिक्रमण गर्दा पनि त्यसकाविरुद्ध आवाज उठाउनुपर्छ।' नेता गुल्जारीले नेपालले भारत र चीन दुवैसंग राम्रो सम्बन्ध स्थापित गर्नुपर्ने बताए। त्यस्तै नेता तथा सामाजिक अगुवा राजेन्द्र गुप्ताले सत्यको पक्षमा आवाज बोल्नुपर्ने बताए। उनले चीनले नेपाली भूमि अतिक्रमण गरेको विषयमा आवाज उठाउनुपर्नेमा जोड दिए। उनले भने, 'कुनै पनि मुलुकले कुनै पनि बहानामा भूमि अतिक्रमण गर्नु कदापी राम्रो हुँदैन।'

समाजसेवी आनन्द प्रसाद गुप्ताले सीमा अतिक्रमणका विषयमा राजनीतिक दलका नेता तथा सरकार गम्भिर हुनुपर्ने बताए। उनले जनता जागरुक हुनुपर्नेमा जोड दिए। युवा नेता महेन्द्र गुप्ता (प्रशान्त)ले सीमा अतिक्रमण गलत कार्य भएको बताए। उनले भने, 'भारतले नेपालको भूमि अतिक्रमण गर्दा बोल्छौं, त्यस्तै चीनले समेत अतिक्रमण गर्दा बोल्नुपर्छ, जसले अतिक्रमण गरे पनि बेठिक हो।' नागरिक अगुवा अखिलेन्द्र पाण्डेले चीनले सीमा अतिक्रमण गर्दा आवाज उठाउनुपर्ने बताए। त्यस्तै विश्वनाथ रायले सीमा विवाद समाधान गर्न सरकारसंग आग्रह गरे। समाजसेवी प्रेमनाथ शुक्ला, सरिता श्रीवास्तवले भूमि अतिक्रमणविरुद्ध आवाज उठाउनुपर्ने बताए। राजेन्द्र गुप्ताको अध्यक्षता, ओमप्रकाश यादव (गुल्जारी)को प्रमुख आतिथ्यता तथा महेन्द्र गुप्ता (प्रशान्त)को सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।


## श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय

शुद्धोधन गा.पा.६ बिमिहा कपिलवस्तु

मिति२०७८/१०/२९

प्रस्तुत विषयमा यस श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयको वि.व्य.स. को मिति २०७८/१०/२९ गतेको निर्णय अनुसार तपसील अनुसारको शिक्षक भर्ना गर्नको लागि योग्य नेपाली नागरिकहरुको शिक्षक सेवा आयोगबाट प्राप्त सूचि र खुल्ला समुहबाट एकै पटक दरखास्त दिन आह्वान गरिन्छ।

(क) विज्ञापन नं.०१(०७८/०७९)

१. संख्या - १(एक)

२. तह-आधारभुत कक्षा ६-८ विज्ञान

३. किसिम- शिक्षण सहयोग अनुदान

४. न्युनतम शैक्षिक योग्यता-(आई.एस.सी./वी.एस.सी.)

५. अध्यन अनुमति पत्र - आई.एस.सी. लाई आवश्यक तर वी.एस.सी. लाई आवश्यक नभएको।

६. तलव स्केल- नेपाल सरकारको तलव स्केल अनुसार

७. उमेर - १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

८. दरखास्त दस्तुर - ७००।- (सात सय रुपैया मात्र)

९. दरखास्त दिने अन्तिम मिति २०७८/११/०४ गते ४:०० बजे सम्म।

१०. सम्पर्क मिति- २०७८/११/०५ गते।

११. परीक्षाको किसिम- लिखित तथा अन्तर्वाता

१२. दरखास्त दिने स्थान - श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय शु-६बिमिहा (क.व)

१३. आवश्यक कागजातहरु :-

क) निवेदन

ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी थान -१

ग) शिक्षक अध्यापन अनुमति प्रमाण पत्रको प्रतिलिपि थान -१

घ) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी थान -१

थप जानकारीको लागि - ९८०७४१५८३८



## सधै सुख-शान्तिलाई ७ आधार

(१) जे जति नराम्रा छाड्नु छ र राम्रा पुरुषार्थ जो गर्नु छ, गरी हाल्नुपर्छ, किनकि शरीर भोलिसम्म नरहन पनि सक्छ। (२) तास जुवा आदि नखेल्नु। (३) चुरोट खैनी आदि नखानु। (४) हिंसारुप मासु, माछा, अण्डा नखानु। हत्या नगर्नु। तागतका लागि दूध, दही, पनिर, घिउ आदि खानु। (५) मादक पदार्थहरु नखानु, परस्त्री/परपुरुषसंग अवैध सम्बन्ध नराख्नु। (६) गीताको सार-कर्म, भक्ति र ज्ञानपूर्वक परमात्माको अनुभव गरिरहनु। (७) यथार्थमा बरफमा पानी मात्र भए जस्तै संसारमा परमात्मा मात्र सत्य हो। परमात्मा हो- निरहंकार अद्वैतपूर्वक, सदाशुद्ध आफू-ब्रह्मरुपले अखण्ड सुख' को अनुभव गरिरहनु।

''अद्वैत प्रदीप" बलराम जी.सी.सरस्वती (अध्यक्ष)

अखण्ड सुख केन्द्र, भैरहवा, नेपाल सम्पर्क :९८४७०२०७१८



## भूमिकास्थान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची।

☎.9857069912/911/981
web site: bhumikasthanmun.gov.np

## सिलवन्दी दरभाउपत्र आहवान

*प्रथम पटक प्रकाशित मिति २०७८/११/०४*

भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखााची अन्तर्गत तपसिल बमोजिमका निर्माण कार्यको सिलवन्दी दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. सिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मितिसम्म आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित **सेञ्चुरी वैक हि.नं.०९००००००१३ जि.ई** खातामा नगद जम्मा गरेको सक्कल भौचर सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. खरिद भएको बोलपत्र/दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्र/दरभाउपत्रहरु उपस्थित बोलपत्र/दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिनेछ।

३. सिलबन्दी बोलपत्र/दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित **सेञ्चुरी वैक हि.नं.०९०००००००४ जि.इ** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड बोलपत्र/दरभाउपत्र निम्नानुसारको **म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड)** को सक्कल प्रति पेश गर्नुपर्नेछ।

४. सिलबन्दी बोलपत्र/दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र**९८५७०६९९८१/ ९८५७०६९९८७/९८५७०६९७९६/९८५७०६९९८९** मा सम्पर्क गर्न वा **bhumikasthanmunicipality@gmail.com** मा पठाउन सकिनेछ।

७. कामको विवरण बोलपत्र/दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ। **तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र/ दरभाउपत्र दस्तुर रु. | लागत रकम (मु.अ.कर समेत) | विडबण्ड रकम रु. | विडबण्ड मान्य अवधि | खरिद अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| 47/BMA/W/RM/2078/079 | पिपलनेटा ठूलापोखरा देउराली मोटरबाटो निर्माण कार्य | १०००।०० | ४८७४६६।५३ | १२५०० | ३५ दिन | २०७८/११/१८ कार्यालय समय भित्र | २०७८/११/१९ १२:०० बजे भित्र | २०७८/११/१९ दिउँसो १:०० बजे |
| 48/BMA/W/RM/2078/079 | भूल्के चिहानडाडा पिपलारुख साम्नेगाउं प्यूठान मोटरबाटो निर्माण कार्य | १०००।०० | ९७४९४०।७३ | २५००० | | | | |
| 49/BMA/W/RM/2078/079 | उपल्लापोखरा पिपलनेटा गोखुंगा मोटरबाटो निर्माण कार्य | १०००।०० | ९७४९८५।०० | २५००० | | | | |
| 50/BMA/W/TP/2078/079 | भूनपा २, प्यारीपोखरा पर्यटन पार्क निर्माण कार्य | १०००।०० | १४६२४९८.५१ | ३७५०० | | | | |
| 51/BMA/W/TP/2078/079 | लामाखर्क पर्यटन पार्क निर्माण, तल्लो चौतारा भूनपा ४ | १०००।०० | ७७९९५६.५७ | २०००० | | | | |
| 52/BMA/W/RM/2078/079 | उदयठाटी धुसेना गैलीखोला मौलाबोट मोटरबाटो स्तरोन्नति कार्य | १०००।०० | ९७४९९३.५९ | २५००० | | | | |
| 53/BMA/W/RM/2078/079 | सेङलेङ धनचौर सेतिपोखरी नुवकोट मोटरबाटो (धनचौर) | १०००।०० | ६८२४७९.५८ | १७५०० | | | | |

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# बुटवल उपमहानगर ६३ औं बर्षमा




**गौतमबुद्ध सन्देश**

बुटवल, ३ फागुन।

रुपन्देहीको बुटवल उपमहानगरपालिकाले ६३ औ स्थापना दिवस मनाएको छ । एक सातादेखि विभिन्न रचनात्मक कार्यक्रम गरेको उपमहानगरले मंगलबार औपचारिक कार्यक्रम गरी स्थापना दिवस मनाएको हो । स्थापना दिवसको मुल समरोहमा शुभकामना आदानप्रदान गर्दै विभिन्न वक्ताहरुले बुटवलले तय गरेका समृद्धिका आधारशीलाको कार्यान्वयनमा केन्द्रित हुन आग्रह गरेका छन् । बृहत बुटवलको अवधारणालाई साकार पार्ने काममा सबैको सहकार्य रहेको समेत कार्यक्रममा अतिथिका रुपमा सहभागी विभिन्न क्षेत्रका वक्ताहरुले आवधिक योजनाको कार्यान्वयन र दीर्घकालीन योजनाको निरन्तरताले बृहत बुटवलको अवधारणा साकार हुने समेत विश्वास गरेका छन् । हालसम्मका कामको समीक्षा गर्दै र दीर्घकालीन योजनाको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनसमेत कार्यक्रमका सहभागीले आग्रह गरेका छन् ।

मूल समारोहलाइ सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य तथा पूर्वमन्त्री छविलाल विश्वकर्माले बुटवल उपमहनरपालिकाले नेपालकै नमुना नगरको रुपमा काम गरेको बताए । ऐतिहासिक सहर, प्राचीन सहर र पर्यटकीय केन्द्रको सहरको रुपमा रहेको बुटवललाई समृद्ध बनाउने गरि तय गरिएका योजनाहरु साकार हुँदै गएको भन्दै उनले बताए । उनले पाँचौं पटकसम्म पनि निरन्तर कार्यसम्पादन मुल्यांकमा नेपालकै पहिलो स्थानमा आउनु आफैमा गौरवको विषय भएको र अहिलेको बृहत बुटवलको अवधारणा पनि अर्को महत्वपूर्ण रहेको बताए । गर्विलो इतिहास बोकेको बुटवल उपमहानगरपालिकाले पछिल्लो समयमा भौतिक पुर्वाधार विकासका साथै शिक्षा, सामाजिक क्षेत्रमा समेत ठूलो योगदन गरेको भन्दै जुन नेपालका अन्य नगरपाालिकाले समेत अनुसरण गर्नुपर्ने काम भएको बताए ।

नेकपा एमालेका सचिव समेत रहेका नेता विश्वकर्माले नेपालकै मध्यभागमा रहेको बुटवल उपमहानरपालिकाले नेपालकै प्रतिनिधित्व गर्ने भन्दै यहाँको औद्योगिक क्षेत्र विकास, शैक्षिक क्षेत्रको विकासमा समेत नगरपालिकाले महत्पूर्ण भुमिका निर्वाह गरेको बताए ।

कार्यक्रममा बोल्दै बुटवल उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदीले बुटवल आफैमा गौरवपूर्ण इहिास बेकेको शहर भएको भन्दै इतिहासलाई साक्षी राखेर विकासको कामलाई उत्कृष्टता प्रदान गरिएको बताए । वीरताको किल्ला र स्वाभिमानको प्रतिक जितगढी किल्लाको सम्पदा, आदिमानव रामापिथेकशको सभ्यता र बुद्धावलीको बुद्धको सभ्यतालाई केन्द्रमा राखेर बृहत बुटवलको अवधारणाका साथ योजना कार्यान्वयनमा केन्द्रित रहेको बताए ।सबैको साझा पहलबाट मात्रै समृद्ध बुटवल सुखी बुटवल बासी हुने परिल्कपना गरिएको भन्दै साझा अभियानको लागि सबैले हातेमाले गर्नुपर्ने बताए । उनले चुनावी प्रतिवद्धता तथा घोषणापत्रमा उल्लेख गरिएका विषयभन्दा पनि धेरै काम भएको र अरु प्रतिस्पर्धी दलहरुका समेत चुनावी घोषणापत्रलाई अध्ययन गरेर साझा निचोडसहितका योजना छनौट गरी कार्यान्वयन गरिरहेको बताए ।

उपप्रमुख गुमादेवी आचार्यले लैगिंक हिंसामुक्त सहर, मानवताको सहर, सीपयुक्त, इलमयुक्त नागरिक भएको सहर र लगानीमैत्री सहरका रुपमा बुटवललाई पहिचान दिलाउने गरी काम गरिएको उल्लेख गरिन् ।

कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य तथा महिला अगुवा सावित्रा अर्याल, नेपाली कांग्रेसका महासमिति सदस्य युवराज गिरी, नगरका पूर्वमेयर तथा राप्रपाका नेता पुनाराम पोखरेल, पूर्व उपप्रमुख रामप्रसाद खनाल, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखरेल, उद्योग वाणिज्य संघका मुक्ति अधिकारी लगायतले बोल्दै उपमहानगरले तय गरेका योजनाले समृद्धिको आधारशीला तयार गरेको बताए । भौतिक विकाससंगै आर्थिक, सामाजिक विकास र सन्तुलनमा ध्यान दिएर कतिपय अधुरा आयोजना साकार पार्न आफुहरुले सहकार्य गर्ने समेत कार्यक्रमका वक्ताहरुको भनाइ थियो ।

### उत्कृष्ट करदातादेखि श्रमजीवी पत्रकार सम्मानित

बुटवल उपमहानरपालिकाको स्थापना दिवसको अवसर पारेर श्रमजीवी पत्रकारहरु १५ जनालाई नगदसहित सम्मान गरेको छ । सम्मामनित हुने पत्रकारहरुमा भरत केसी, प्रदिप आचार्य, भगवती पाण्डे, अमृता अनमोल, यानेन्द्र जिसी, सुमन अधिकारी, विक्रम खड्का, रामप्रसाद आचार्य, कृष्ण खनाल, मिना ढकाल, तेजेन्द्र केसी, मनिराम पन्त (मनिष), चन्द्रकान्त खनाल, दिनेश श्रेष्ठ र अस्मीना पाण्डेलाई जनही दश हजार नगद र सम्मान पत्रसहित सम्मान गरिएको थियो । बुटवलमा रहेका लुम्बिनी सामुदायिक टेलिभिजन, बुद्ध सामुदायिक टेलिभिजन र राज्य टेलिभिजनलाई संस्थागत मिडियाका रुपमा सम्मान गरिएको थियो । यस्तै बुटवलबाट सञ्चालित विभिन्न अनलाइनहरु ग्लोबल आवाज, खबरकुरा, समयचक्र, नागरिक अनलाईन, लुम्बिनी अनलाइन, बुटवल अनलाईन, समतल अनलाईन, जितगढी अनलाइनलाई समेत संस्थागत मिडियाका रुपमा सम्मान गरिएको छ ।

यसैगरी रुपन्देहीका ६ वटा दैनिक पत्रपत्रिकाहरु मेचीकाली सन्देश, बुटवल टुडे, दैनिक लुम्बिनी, दैनिक पत्र, नव तिलोत्तमा दैनिक र गौतमुबद्ध सन्देश दैनिकलाई पनि संस्थागत मिडियाका रुपमा सम्मान गरिएको छ । बुटवलबाट सञ्चालित समुदायिक तथा व्यवसायिक एफएम रेडियोहरुलाई पनि सोही अवसरमा सम्मान गरिएको थियो ।

### उत्कृष्ट करदाताहरू सम्मानित

बढी कर बुझाउने सम्मानित नगरपालिकाले स्थापना दिवसको अवसरमा सबैभन्दा बढी कर बुझाउने करदातालाई सम्मान गरेको छ । सम्पि त्तकरतर्फ बढी कर बुझाउने सम्पत्ति कर बढी बुझाउने विलासमोहन बाझांगथाने, ईश्वरी पाठक र मधुसुदनलाल श्रेष्ठलाई व्यक्तिततर्फ र संस्थागत तर्फ नेपाल हाईड्रो एण्ड ईलेक्ट्रीक लिमिटिड, एभरेष्ट बोर्डिङ्ग स्कुल प्रालि बुटवल, सुरपद्मा हाउजिङ्ग प्रालि बुटवललाई उत्कृष्ट करदाताका रुपमा सम्मान गरिएको छ । यस्तै वाहल कर बढि बुझाउने मधुसुनदलाल श्रेष्ठ, पोष्टराज ज्ञवाली/मन्जु ज्ञवाली, कुसुमदेवी शाक्यलाई पनि सोही अवसरमा सम्मान गरिएको छ ।

यस्तै स्थापना दिवसकै अवसरमा विभिन्न क्षेत्रका उत्कृष्ट कर्मचारीहरु, बुटवलको शैक्षिक, पर्यटन प्रवर्द्धन, कृषि प्रवर्द्धन, समाजसेवा, औद्योगिक क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न व्यक्तित्वहरु, संघ संस्थाका प्रमुखहरु, नमुना काम गर्ने विभिन्न निकाय, विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति, खेलकुद, कला, क्षेत्रका व्यक्ति निर्माण व्यवसायी, कोभिडका समयमा सहकार्य गर्ने संघ-संस्था क्लब तथा व्यक्तिहरु, समाजिक अभियन्ता, महिला स्वयंसेविका सहित उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई समेत सम्मान तथा पुरस्कृत गरिएको हो । कार्यक्रमको सञ्चालन उपमहानगरका वरिष्ठ अधिकृत विष्णुप्रसाद खनालले गरेका थिए ।

## काम...

चालु खर्च बढ्ने विज्ञहरु मन्त्रालयका सचिवहरु बताउँछन् । यसबाहेक एउटा मन्त्रालय थप्दा आवास र मन्त्रीको सचिवालयको खर्चबाहेकको संरचना तयार गर्न मात्र करीब ४ करोड खर्च हुने गरेको छ ।

### मन्त्रालय बढाउँदा पूर्वाधार र कर्मचारी अभाव

लुम्बिनीमा मन्त्रालय बढाइएसंगै पुर्वाधार र कर्मचारीको अभाव खड्केको छ । कतिपय मन्त्रालयहरु नै सचिवविहीन छन् । लुम्बिनीमा ३ हजार ९ सय ३४ कर्मचारीको स्थायी र ४ सय ९७ जनाको अस्थायी दरबन्दी छ । तर अहिले ३ हजार २ सय ९४ जना मात्र कार्यरत छन् । १ हजार १ सय ४२ दरबन्दी रिक्त छन् । कर्मचारी अभावकै कारण सरकारको बजेट कार्यान्वयनमा असर पुगेको छ । एउटै भवनमा फ्ल्याट बाँडेर मन्त्रालय राखिएका छन् । कर्मचारी अभावले प्रदेश सरकार गतिहीन भएको छ । एउटै सचिवले दुईवटा मन्त्रालय हेनुपर्ने अवस्था छ । पर्याप्त अध्ययन र तयारीबिनै मन्त्रालय फुटाउँदा कर्मचारी अभावले सचिव र टुक्रिएका मन्त्रालयबाट प्रभावकारी काम हुन नसकेको ग्रामीण तथा शहरी विकास मन्त्रालयका सचिव महेशचन्द्र न्यौपानेको गुनासो छ । पूर्वाधार बिनै ग्रामीण तथा शहरी विकास र स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालय दाङमा सारिएको भए पनि अधिकांश काम बुटवलबाटै गर्नुपर्दा सास्ती भएको न्यौपाने बताउँछन् । राजनीतिक 'जस' लिन कर्मचारीलाई दबाब दिएर मन्त्रालय देउखुरीमा सारेको कर्मचारीको गुनासो छ । कार्यालय, आवास तथा निजी जीवनसँग जोडिने आधारभूत आवश्यकता समेत नभएको देउखुरीमा मन्त्रालय सार्न खोजेपछि कतिपय कर्मचारीले सरुवा खोज्न थालेका छन् ।

संघमा निजामती सेवा ऐन नबनेकै कारण प्रदेशको पदपूर्ति र बढुवा कार्यविधिमा समस्या भइरहेको लुम्बिनी प्रदेश लोकसेवा आयोगका निमित्त प्रमुख चेतमान गिरीले बताए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव यमकान्त पाण्डेले प्रदेश सरकार स्थापनापछि प्रदेशमा ४२ उपसचिव दरबन्दी स्वीकृत भए पनि अहिले १२ जना उपसचिवमात्र कार्यरत रहेको बताए । 'संघीय सरकारले सात मन्त्रालयको आधारमा कर्मचारीका पद हस्तान्तरण गरेको थियो'-उनले भने- 'मन्त्रालय थप भएपछि कर्मचारी अपुग हुनु स्वाभाविकै हो ।'

### 'प्रदेश मन्त्रीमण्डल बढीमा ५ जनाको'

प्रदेश सरकारको आफ्नै स्रोत निकै नै कम भएको तर स्रोतले धान्नै नसक्ने आर्थिक भार थपिने गरी मन्त्रालयको संख्या बढाइंदा राज्यलाई दीर्घकालीन आर्थिक बोझ थपिएको र प्रदेश सरकारको औचित्यमाथि प्रश्न उठेको राजनीतिक विश्लेषक हरि ज्ञवाली बताउँछन् ।

ठूलो संख्यामा सांसद र मन्त्री पाल्नका लागि विभिन्न शीर्षकका करहरू थप्ने परिपाटीले प्रदेश सरकारहरू जनतालाई राहत दिने भन्दा पनि आहत दिने निकायका रूपमा परिणत हुन थालेको ज्ञवालीको तर्क छ । 'संविधान र कानून संशोधन गरेर प्रदेश मन्त्रिपरिषदको आकार ५ जना भन्दा बढी हुन नपाउने बनाउनुपर्छ'-ज्ञवाली भन्छन्-'प्रदेशसभा सदस्यको १० प्रतिशत मात्रै मन्त्रिमण्डल हुनुपर्छ, अन्यथा संघीयताका विरोधी मात्रै नभएर आम जनता प्रदेश सरकार र प्रदेश सभा खारेज हुनुपर्छ भनेर आन्दोलनमा उत्रिन पुग्छन् ।'

प्रदेश सरकारलाई केन्द्र र स्थानीय तहसंग समन्वय गर्ने पुलको रुपमा सानो आकारको र प्रभावकारी बनाउन सके मात्रै संघीयताप्रति जनताको अपनत्व बढाउन सकिने ज्ञवाली बताउँछन् । प्रदेश सरकारको चार वर्षे अवधि सन्तोषजनक र उत्साहप्रद नभएको आर्थिक विश्लेषक लुम्बिनी वाणिज्य क्याम्पसका अध्यापक माधवकुमार पौडेलले औंल्याए ।

संविधानले निर्दिष्ट गरेका प्रदेशका अधिकार सूचीहरुमध्ये चार बर्ष बितिसक्दा पनि थुप्रै अधिकारहरुको व्यवहारिक कार्यान्वयन अझै हुन नसकेका पौडेल औंल्याउंछन् । संघीयता कार्यान्वयनको पुनरावलोकन गर्दै समय तालिका सहित संघ र प्रदेशमा एकिकृत कार्यान्वयन योजनाको तर्जुमा र संविधानको अनुसूचीमा राखिएका तहगत अधिकार सूचीको मन्त्रिपरिषदद्वारा परित विस्तृतिकरणको पुनरावलोकन र परिमार्जन गर्नसके मात्रै प्रदेश सरकारबाट जनतामा आशा जगाउन सकिने पौडेलको सुझाव छ ।

### कमजोर आर्थिक सूचक

प्रदेश सरकारले सुशासनको प्रत्याभूति दिने गरी कानून बनाउन नसकेको र आर्थिक सूचक पनि कमजोर रहेको कानूनका जानकार युवराज कंडेल औंल्याउँछन् । नेपालको कुल ग्राहस्थ उत्पादनमा लुम्बिनी प्रदेशले करिब १४ प्रतिशत हिस्सा ओगट्ने गरको भएपनि आ.ब. २०७५/७६ मा ६.८ प्रतिशत ,२०७६/७७ मा २ प्रतिशत मात्र र ०७७/७८ मा त झन् ऋणात्मक १.८ रहेको राष्ट्रिय योजना आयोगको प्रतिवेदनले देखाएको छ । रोजगारीका क्षेत्रहरुको प्राथमिकीकरण गरेर कार्यक्रमहरु सञ्चालन गर्न नसक्नु, कृषि क्षेत्रमा स्थानीय आवस्यकताका कार्यक्रमहरु नआउनु, पहाडी क्षेत्रलाई उत्पादनसँग जोड्न नसक्नु, औद्योगिकरण सुस्त हुनु र पर्यटन तथा प्राकृतिक श्रोतबाट लभ लिने नीति तथा कार्यक्रमहरु नभएकोले कारणले प्रदेश सरकारले स्थानीय तह र संघीय सरकारले गरकै आर्थिक विकासका गतिविधिहरुमा अपनत्व खोज्नुपर्ने अवस्था रहेको कंडेलले बताए । कार्यकर्ता पोस्नको लागि कार्यविधि नबनाई बजेट खर्च गर्ने, आफ्ना मान्छेलाई लगाएर विभिन्न अध्ययनको नाममा लाखौं खर्चने, कार्यकर्तालाई लक्षित गरी अनुदान वितरण गर्ने कुरामा पोखरेल सरकार भन्दा केसी सरकार एक कदम अगाडी देखिएको कंडेल बताउंछन् ।

### गठबन्धन सरकार आएपछि प्रदेश झन् बद्नाम

प्रमुख प्रतिपक्षी दल एमालेका नेता एवं शंकर पोखरेल नेतृत्वको सरकारका प्रवक्ता बैजनाथ चौधरी पाँच दलीय गठबन्धनको सरकार बनेपछि प्रदेश सरकारमा बेथिति मात्रै देखिएको र बद्नाम हुंदै गएको आरोप लगाउँछन् । 'हामीले शुरुमा ७ र पछि ९ सदस्यीय मन्त्रिमण्डल बनाएर राम्रो काम गरेका थियौं, प्रदेश सरकारको औचित्य स्थापित गरेका थियौं'-चौधरीले भने-'गठबन्धन सरकार आएपछि मन्त्रालय फुटालेर दोब्बर बनाए, देशमाथि वर्षेनी अरबौंको आर्थिक भार थोपरे जसले गर्दा प्रदेश सरकारको बद्नाम भयो ।'

गठन्धन सरकारका प्रवक्ता आन्तरिक मामिला तथा सञ्चार मन्त्री तिलकराम शर्मा भने सरकारले संविधान र कानूनभित्रै रहेर मन्त्रालय थप गरेको र १७ सदस्यीय मन्त्रिमण्डल बनाएको तर्क गर्छन् । 'पाँच दलको सरकार भएपछि स्वभाविक रुपमा ठूलो आकार त भइहाल्छ, हामीले संविधान र कानून मिचेका त छैनौं'-शर्माले भने ।

-प्रशिक्षार्थी पत्रकार

# शिक्षकलाई ल्यापटप वितरण

**विपना श्रेष्ठ**

बुटवल, ३ फागुन।

रुपन्देहीको सैनामैना नगरपालिकालेसामुदायिकविद्यालयका शिक्षकहरुलाई ल्यापटप वितरण गरेको छ ।

सैनामैनाका १७ विद्यालयका १६० जना शिक्षकहरुलाई एक-एक थान ल्याप्टप वितरण गरिएको हो । शिक्षकहरुको २५ प्रतिशत तथा सैनामैना नगरपालिकाको७५प्रतिशतलागत साझेदारीमा ल्याप्टप खरिद गरि वितरण गरिएको हो । शिक्षण सिकाईलाई प्रविधिमैत्री बनाउने उद्देश्यले कम्प्युटर चलाउन जानेका शिक्षकमध्ये प्रधानाध्यापकको सिफारिसमा शिक्षकलाई ल्यापटप वितरण गरिएको नगरप्रमुख चित्रबहादुर कार्कीले बताए ।

सामुदायिक विद्यालयलाई विद्यार्थी र अभिभावकको पहिलो रोजाई बनाउने नगरपालिकाको लक्ष्य रहेको र सोही अनुसार कम्प्युटर चलाउन जानेका सबै शिक्षकलाई ल्यापटप र हरेक कक्षा कोठामा प्रोजेक्टर राख्ने योजना रहेको कार्कीले बताए ।

- प्रशिक्षार्थी पत्रकार


## पशु क्वारेन्टाईन कार्यालय भैरहवाको सूचना

- बाह्य मुलुकबाट पशु , पंक्षी , पशुजन्य पदार्थ पशु उत्पादन सामाग्री आयत गर्दा नाकामा रहेका पशु क्वारेन्टाईन चेकपपोष्टमा परिक्षण गराई क्वारेन्टाई प्रमाणपत्र लियर मात्र आयात गरौं ।
- देश भित्र उत्पादन भएका पशु , पंक्षी , पशुजन्य पदार्थ पशु उत्पादन सामाग्री एक जिल्लाबाट अर्को जिल्लामा ओसार प्रसार गर्दा अनिवार्य रुपमा उत्पत्तिको प्रमाणपत्र र दर्तावाला पशु चिकित्सकबाट जारि गरिएको स्वास्थ्य प्रमाणपत्र साथमा राखौं ।
- व्यावसायिक प्रयोजनका लागि यात्रुवाहक सवारी साधनमा पशु , पंक्षी ,पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री ढुवानि नगरौं ।
- पशु , पंक्षी , पशुजन्य पदार्थ , पशु उत्पादन सामाग्री निकासि/पैठारी गर्दा पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियामावाली २०५६ तथा पशु स्वास्थ्य तथा पशु सेवा विभागले तोकेको मापदण्ड पूर्ण रुपले पालना गरौं ।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियामावली २०५६ को वर्खिलाप हुने गरि पशु , पंक्षी , पशुजन्य पदार्थ , उत्पादन सामाग्री निकासी/पैठारी गरेमा रु.५०,०००/- सम्म जरिवाना हुने हुदाँ पशु क्वारेन्टाईन प्रक्रिया प्रति सचेत हौं ।

*मेरो देश, मेरो दायित्व*

## दायित्व नेपाल जनप्रशासन फेलोसिप २०७८/७९ आवेदन आव्हान

दायित्वले Civil Society Mutual Accountability Project सँगको सहकार्यमा प्रदेश १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली, तथा सुदुरपश्चिम, प्रदेशको प्रतिनिधित्व हुनेगरी २३ स्थानीय निकायहरुमा दायित्व नेपाल जनप्रशासन फेलोसिप २०७८/७९ संचालन गर्न गइरहेकोले राष्ट्रसेवा, नवप्रवर्तन नेतृत्व विकास, नितीगत अनुसन्धान तथा पैरवी गर्न चाहने युवाहरुमा आवेदनका लागि अनुरोध गर्दछौं ।

**कार्यक्रमका अवसर**

नेतृत्व विकास र जनप्रशासन सीप प्रशिक्षण, नीतिगत अनुसन्धान, सार्वजानिक परियोजनामा योगदान गर्ने तथा जनप्रतिनिधीहरु सँग सहकार्य गनृे अवसर तथा मासिक पारिश्रमिक (Stipend) सुविधा ।

पालिकाहरु: दशरशचन्द, लेकबेशी, बन्नीगढी जयगढ, के.आई.सिंह, कृष्णपुर, गुल्मी दरबार, नारायण, त्रिवेणी, कपुरकोट, सन्धिखर्क, विजयनगर, लिखु, रोसि, बाह्रबिशे, सहिद लखन, सिद्धलेक, लिखु तामाकोशी, कोदावरी, सुर्यविनायक, मोलुङ, शैलुङ
कार्यअवधी: २०७८ फगुन १७ गते देखि २०७९ असार १६ गतेसम्म
फारम भर्ने अन्तिम मिति: २०७८ फागुन ९ गते सम्म
फारम: https//tinyurl.comDNPAF2022Application
सम्पर्क: कृपा श्रेष्ठ, ९८०३४४४६६८ (दायित्व), fellowship@daayitwa.arg
हिरा कँवर, ९८५७०६७७०२, बसन्त श्रेष्ठ, ९८५७०६३७६२ (आइ.आर.डी.एस.)। सन्धिखर्क (अर्घाखाँची)

USAID अमेरिकी जनताबाट | दायित्व समुन्नतिको सहयात्रा | fhi360 THE SCIENCE OF IMPROVING LIVES


**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **कार्यालय प्रमुख** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल